नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

मितिः २०८३।०१।११

११४६ बछलाथ्व,८ शुक्रवार

## प्रेस विज्ञप्ति

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय डा. बिक्रम तिमिल्सिना र संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमबीच आज २०८३ वैशाख ११ गते शुक्रवार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटवार्ता सम्पन्न भयो। उक्त भेटवार्ताका क्रममा नेपाल र संयुक्त राज्य अमेरिकाबीचको द्विपक्षीय सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाउने तथा नेपालको सूचना प्रविधि क्षेत्रको रुपान्तरण गर्ने सम्बन्धमा छलफल भयो।

कार्यवाहक राजदूत स्कट अर्बमले नेपालमा अमेरिकाले सहयोग गर्न सक्ने व्यावसायिक क्षेत्रहरूको पहिचान गर्नुपर्ने विचार व्यक्त गर्नुहुँदै नेपालको सूचना प्रविधि क्षेत्रमा अमेरिकाको निजीक्षेत्रका लगानीकर्ताहरुले चासो देखाएको जानकारी गराउनु भयो। नेपालको सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा व्यवसाय गर्ने उपयुक्त नीति तथा सहज लगानी वातावरण बनाउन सकेमा व्यावसायिक लगानी भित्रिन सक्ने विचार व्यक्त गर्नु भयो। साथै, उहाँले अमेरिकी सहयोगमा सञ्चालित आयोजनाहरूको कार्यप्रगतिका बारेमा समेत चासो व्यक्त गर्नुभयो।

भेटवार्ताका क्रममा माननीय मन्त्री डा. बिक्रम तिमिल्सिनाले दुई मुलुकबीचको सुमधुर सम्बन्धका बारेमा चर्चा गर्नुहुँदै नेपालको सामाजिक-आर्थिक विकासमा अमेरिकाले पुऱ्याउँदै आएको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो। भेटमा माननीय मन्त्रीले बदलिएको राजनीतिक परिदृष्यसँगै नेपाल राजनीतिक स्थायित्वको नयाँ चरणमा प्रवेश गरेको र वर्तमान सरकार जनचाहना बमोजिम सुशासन, पारदर्शिता र संस्थागत सुधारका लागि पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। नेपालको सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा व्यवसाय गर्ने वातावरण सहज बनाउन र नियामकीय स्पष्टता ल्याउन सरकारले तीव्र गतिमा काम गरिरहेको माननीय मन्त्रीले जानकारी दिनुभयो।

भेटघाटमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका पदाधिकारीहरू र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि सिंहदरबार, काठमाडौं

२०८३।१।११

सहसचिव

Scanned with CamScanner